# बेलकोटगढी नगरपालिका
## BELKOTGADHI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE
बाघखोर, नुवाकोट
BAGKHOR, NUWAKOT

प.सं.(Ref.No.) : २०८१/०८२ (2081/082)
च.नं.(Dispatch No.):

बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL


सूचना ! सूचना !! सूचना !!!

सूचना प्रकाशित मिति २०८१/०८/०५

**विषय : साना सिचाई अनुदान मांग पत्र पेश गर्ने बारे सूचना।**

प्रस्तुत विषयमा बेलकोटगढी नगरपालिका(आ.व.२०८१/०८२) को वार्षिक स्वीकृत कृषि विकास कार्यक्रम अनुसार साना सिंचाई अनुदान कार्यक्रमका लागि साना सिंचाई कुलो निर्माण मर्मत सम्भार सम्बन्धि योजना आबश्यक भएका कृषक समूह,कृषि सहकारी तथा जल उपभोक्ता समितिहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र तोकिएको ढाँचामा रु.१०/०० को टिकट टाँसी आवश्यक कागजातहरु संलग्न गरी यस कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.स. | विवरण | संख्या | बजेट (रु हजारमा) |
|---|---|---|---|
| १ | साना सिंचाई निर्माण तथा मर्मत सम्भार | १२ | १२०० |
| | जम्मा | १२ | १२०० |

क) **शर्तहरु**

१. वर्षभरी पानीको अटुट श्रोत भएको हुनु पर्नेछ।
२. कुल लागतको कम्तिमा १५ प्रतिशत रकम नगद वा श्रमदान वा जिन्सी वा तिनै थरी लागत जनसहभागिताको रुपमा कृषक समूह,कृषि सहकारी,जलउपभोक्ता समितिबाट व्यहोर्नु पर्नेछ।
३. योजना सामूहिक हुनु पर्नेछ।
४. यस कार्यालयले तयार पारेको अनुसूची-१ अनुसारको ढाँचामा मांग पत्र पेश गर्नु पर्नेछ।
५.अन्य कुराहरु नेपाल सरकार कृषि विकास मन्त्रालयको स्वीकृत साना सिंचाई विशेष कार्यक्रम कार्यान्वियन निर्देशिका अनुसार हुनेछ।
६. प्रस्तावित योजनमा अन्य कुनै निकायबाट साझेदारी गर्न चाहेमा उक्त निकायको नाम र कस्तो किसिमको साझेदारी हो स्पष्ट उल्लेख गर्नु पर्नेछ।
७. प्रस्तावित आयोजना चालु आ.व.भित्र सम्पन्न हुने र बढी प्रतिफल दिने खालको हुनु पर्ने छ।

ख) **प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु**

१.अनुसूची- १ अनुसारको निवेदन।
२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
३. कृषक समूह/सहकारी दर्ता प्रमाण पत्र, स्थाई लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रकोको प्रतिलिपि।
४. कृषि समूह/सहकारी/जल उपभोक्ता समितिले कम्तिमा १५ % जिन्सी/श्रमदान/नगद व्यहोर्ने प्रतिबधता जाहेर गरेको समूह तथा सहकारी संस्थाको निर्णय प्रतिलिपि।
५.समूह /सहकारी संस्थाको लेखा परिक्षण audit report र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
६. कृषक समूह /कृषि सहकारी संस्थाको कार्यक्रम मांग सम्बन्धि निर्णयको प्रतिलिपि।

नोट: रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटको लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

डा. अंजु शर्मा चापागाईं
आर्थिक विकास शाखा प्रमुख



Scanned with CamScanner

अनुसूची-१

विषय : साना सिंचाई विशेष कार्यक्रमबाट सहयोगको लागि अनुरोध ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
बेलकोटगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
बाघखोर,नुवाकोट ।
महोदय,.

हामी निम्नलिखित निवेदन फारम (क) मा हस्ताक्षर भएको व्यक्तिहरुबाट जिल्ला नुवाकोट बेलकोटगढी नगरपालिका वडा नं..................... मा अवस्थित.......................................................................... सिंचाई आयोजनाको लागि साना सिंचाई कार्यक्रमबाट सहयोग पाउँ भनि वर्तमान तथा सम्भावित उपभोक्ताहरुको तर्फबाट रु.१० को हुलाक टिकट टाँस गरि योजना कार्यान्वियनमा लाग्ने मोटामोटी बजेट र सहकारी/ समूहको निर्णयको प्रतिलिपि सहित यो निवेदन दिएका छौं । हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने नीति र कार्यविधिहरु सम्पूर्ण रुपमा बुझेका छौं र त्यसै अनुसार पूर्ण रुपमा सहमत छौं । यसका लागि आवश्यक निवेदन फारमहरू भरी पेश गरेका छौं ।

<u>निवेदक</u>

जल उपभोक्ता समिति/कृषक समूह/ सहकारीको अध्यक्ष /प्रतिनिधिको नाम:

हस्ताक्षर:

सम्पर्क नं. :

संस्थाको छाप :

Scanned with CamScanner